





**DIGITAL SIGNATURE WITH Legal Validity**

*you can*

# SAVE



# TIME
# MONEY
# ENVIRONMENT

"Key to build e-Nepal Digitally"

# नेपाल सर्टिफाइङ्ग कम्पनी र बिद्युतीय हस्ताक्षरबारे संक्षिप्त जानकारी

**नेपाल सर्टिफाइङ्ग कम्पनी कम्पनी प्रा.लि.**
ट्रेड टावर पाचौ तल्ला थापाथली, काठमाडौं, नेपाल
फोन : ९७७-०१- ५१११०७९, ईमेल : info@cert.com.np
वेबसाइट : www.cert.com.np/radiantca.com.np
फेसबुक : www.facebook.com/nepalcertifying




## १. नेपाल सर्टिफाङ्ग कम्पनी को परिचय

नेपाल सर्टिफाइंग कम्पनी (NCC) प्राईभेट लिमिटेड विद्युतीय हस्ताक्षर र सोको प्रमाणपत्र जारी गर्न र सुचना सुरक्षा सम्बन्धी राय परामर्श दिन उद्देश्यले स्थापना भएको हो । यस कम्पनीमा हालसम्म सुचना प्रविधी तथा अन्य क्षेत्रमा कार्यरत ४० जना व्यक्ति तथा संस्थाको लगानी तथा सहभागीता रहेको छ । यो कम्पनी सूचना प्रविधिको क्षेत्रमा लामो अनुभव प्राप्त, बलियो प्राबिधिक र व्यवस्थापन टोलीले सु-सज्जित छ। एनसीसी आफ्नो कार्यका लागि सार्वजनिक निजी साझेदारी मोडेल अनुरुप चली रहेको छ । नेपालमा विद्युतीय समाजको सिर्जना गर्न र नेपाल सरकार तथा निजि क्षेत्र सँग सहकार्य गर्ने गरि नेपाललाई E-Nepal को माध्यमद्धारा सूचना प्रविधि क्षेत्रको विश्वमानचित्रमा स्थापित गराई व्यापार, उदयोग, पूँजी बजार वित्ततीय बजार, बैंकिङलाई सुरक्षित र प्रामाणिक विद्युतीय हस्ताक्षर प्रयोग गर्न मद्दत गर्ने गरी नेपाल सर्टिफायिङ्ग कम्पनी,कम्पनी ऐन अन्तर्गत दर्ता भएको छ । साथै यस कम्पनीको १० करोड अधिकत्तम पूँजी, ८ करोड जारी पूँजी र ६ करोड चुक्ता पूँजी रहको छ । हाल प्रा. लि. कम्पनीको रूपमा सञ्चालनमा आएको यस कम्पनी भविष्यमा पूँजी बृद्धि गरि पब्लिक लिमिटेड कम्पनीमा लैजाने पनि यसको उद्देश्य रहेको छ ।

## २. विद्युतीय हस्ताक्षर जारी गर्ने निर्णय :

नेपालमा विद्युतीय हस्ताक्षर र सो को प्रमाणपत्र जारी गर्न विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत प्रमाणीकरण नियन्त्रकको कार्यलयबाट रेडियन्ट ईन्फोटेक नेपाल प्रा. लि. लाई तोकिएको छ । नेपाल सर्टिफाईङ्ग कम्पनी RadiantCAको व्यवस्थापन साझेदारको रूपमा विद्युतीय हस्ताक्षर जारीगर्ने आधिकारीक संस्था हो ।



*विद्युतीय हस्ताक्षर र सो को प्रमाणपत्र को समुद्घाटन गर्नुहुदैँ सम्मानीय राष्ट्रपति विद्यादेवी भण्डारी, साथमा पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र पूर्व सञ्चार मन्त्री शेरधन राई, बुधबार २०७२ मंसिर १६ गते।*

## ३. विद्युतीय हस्ताक्षर बारे सक्षिप्त जानकारी :

विद्युतीय तथ्याङ्क आदन-प्रदानको माध्यमबाट वा अन्य कुनै विद्युतीय सञ्चार माध्यमबाट हुने कारोबारलाई भरपर्दो र सुरक्षित बनाई विधुतीय अभिलेखको सृजना, उत्पादन, प्रशोधन, सञ्चय, प्रवाह तथा सम्प्रेषण प्रणालीको मान्यता, सत्यता, अखण्डता र विश्वसनीयतालाई प्रमाणीकरण तथा नियमित गर्ने व्यवस्था गर्न र विद्युतीय अभिलेखलाई अनधिकृत तवरबाट प्रयोग गर्न वा त्यस्तो अभिलेखमा गैर कानूनी तवरबाट परिवर्तन गर्ने कार्यलाई नियन्त्रण गर्नका लागि "विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३" हाल कार्यन्वयनमा आएको छ ।




*Fig: How digital Signature works?*

### ३.१. विद्युतीय हस्ताक्षर भनेको के हो ?

विद्युतीय हस्ताक्षर सूचना प्रविधी क्षेत्रको एक आधुनिक प्रविधी हो । जसले सफ्टवेयर, विद्युतीय अभिलेख, सन्देश वा इमेल जस्ता विद्युतीय कारोबारलाई विद्युतीय हस्ताक्षरको प्रयोगद्धारा कानूनी मान्यता प्रदान गर्दछ ।

### ३.२. विद्युतीय हस्ताक्षर के को लागि ?

नेपालको परिपेक्षमा सूचना प्रविधि, विद्युतिय अथवा अनलाइनबाट गरिने कारोबारलाई कानूनी मान्यता दिनको लागि विद्युतीय हस्ताक्षर को प्रयोग गरिन्छ ।

### ३.३. विद्युतीय हस्ताक्षर कहाँ कहाँ प्रयोग हुन्छ ?

विद्युतीय कारोबार र अभिलेखहरू सिर्जना हुने (e-Governance, e-Banking) को साथै विभिन्न अफिस एप्लिकेशनहरू (माईक्रोसफ्ट वर्ड, एक्सल, पावरप्वाइन्ट, पि.डि.एफ र डकुमेन्ट म्यानेजमेन्ट सिस्टम) मा प्रयोग गर्न सकिन्छ र कुनैपनि एप्लिकेशनहरूमा इन्टिग्रेसन गरेर प्रयोग गर्न सकिन्छ ।

### ३.४. विद्युतीय हस्ताक्षर किन प्रयोग हुन्छ ?

विद्युतिय माध्यमबाट हुने कृयाकलाप र कारोबारलाई सुरक्षित, भरपर्दो, विश्वसनीय र कानून सम्मत बनाउन डिजिटल हस्ताक्षरको प्रयोग गरिन्छ ।

### ३.५. विद्युतीय हस्ताक्षर कसरी प्राप्त गर्न सकिन्छ ?

विद्युतीय हस्ताक्षर लिन चाहने व्यक्ति वा संस्थाले आफ्नो कानूनी पहिचान खुल्ने कागजात सहित नेपाल सर्टिफाङ्ग कम्पनी, द्धारा उपलब्ध गराईएको फारम भरि आफ्नो आवश्यकता अनुसारको नेपाल सर्टिफाङ्ग कम्पनी (एन सी सी) बाट विद्युतीय हस्ताक्षर प्राप्त गर्न सक्नेछ ।

## ४. व्यवस्थापन समिती

| | |
|---|---|
| विप्लवमान सिंह | अध्यक्ष |
| पुरूषोत्तम घिमिरे | प्रबन्ध निर्देशक |
| दिपक भण्डारी | कार्यकारी निर्देशक |